


# अध्याय -१२

## कहिल्यै अन्त नहुने परमेश्वरको आराधना

यस अध्याका मूल पदहरूः भजन १३४; यशैया ४२:१०-१२; प्रकाश १४:३; भजन १५; भजन १०१:१-३; भजन ९६; प्रकाश १४:६-१२; यूहन्ना ४:२३,२४।

यस अध्यायको मुल सार पदः *"मेरो जीवनभरि म परमप्रभुको भजन गाउँदैरहनेछु, म बाँचुन्जेल मेरा परमेश्वरमा प्रशंसाको स्तुति गाउनेछु।" भजन १०४:३३।*

परमेश्वरको आराधना वा उपासना गर्दा उहाँबाट पाउने अनुग्रह र शक्ति बढ्‌दछ। उहाँप्रति श्रद्धा भावनाको जागृत हुँदा भजनका लेखकसँगै हामीमा यो प्रश्न उब्जिन्छः "परमप्रभुले मेरो निम्ति धेरै उपकार वा गुणहरू गर्नुभयो, त्यसको साटो म उहाँलाई के चढ़ाऊँ?" भजन ११६:१२। त्यसको अनिवार्य जवाफ त परमेश्वरप्रति भक्तिभाव राखेर उहाँप्रति बफादार भएर जीवन बिताउन प्रतिबद्ध हुने प्रण गर्नु हो।

भजनमा जब इस्राएल भनेर सम्बोधन गरिन्छ तब केवल राष्ट्र र जातिमात्र होइन तर मानिसहरूको ठुलो जमात भनेर बुझाउँछ (भजन २२:२२,२५, ३५:१८)। मूख्यतः इस्राएलीहरूलाई परमेश्वरको स्तुतिप्रशंसा गर्न र सारा राष्ट्रहरू सामु उहाँको गवाही बन्न उहाँले तिनीहरूलाई रोज्नुभएको थियो। केवल यहूदी जातिमात्र होइन विश्वका सबै मानिसहरू उहाँको आराधनामा सम्मिलित होऊन् भन्ने परमेश्वरको चाहना थियो। परमेश्वरका

जनहरू धर्मी, प्रभुको आराधना गर्ने, उहाँमा आशा राख्ने र उहाँलाई प्रेम गर्ने भनेर परिचित होऊन् भन्ने उहाँको चाहना थियो।

जब विश्वासीहरू भेला भएर प्रभुको स्तुतिप्रशंसा गर्दछन् त्यो समय आराधनाको निम्ति आदर्श र उदाहरणीय मानिन्छ। तर यसको अर्थ इस्राएलमा व्यक्तिगत मानिसले गर्ने प्रार्थना र स्तुति थोरै महत्त्व छ भन्न खोजेको होइन। त्यसको बिपरित परमेश्वरको व्यक्तिगत आराधना गर्दा सामुहिक आराधनामा बल पुऱ्याउँछ र जोश र सच्चा हृदयले उहाँको प्रशंसाको नविकरण हुन्छ (भजन २२:२२,२५)। त्यसको फलस्वरूप त्यस व्यक्तिले आफ्ना विश्वासीहरूसँगको सम्बन्धमा गतिशील, प्रभावकारी र आत्मियता बढ्ने सम्भावना पूरा हुन जान्छ। परमेश्वरको आराधना गर्ने समाजलाई धर्मी र सोझाहरूको समुदाय भनेर भजन १११:१ मा उल्लेख गरिएको छ। नैतिकवान, ठिक र इमान्दार समूदायले परमेश्वरलाई चिनेको हुन्छ (भजन ३६:१०) र परमेश्वरले पनि तिनीहरूलाई चिनेको हुन्छ (भजन ३७:१८)। त्यसले गर्दा आराधकहरूका जीवनका प्रत्येक पक्ष र लक्ष्यमा परमेश्वरको उपस्थितिप्रति सजग भएको हुन्छ।

## १. परमेश्वरको पवित्र स्थानमा हातहरू उचाल

**भजन १३४ मा आराधना कहाँ गरिन्छ भनेर उल्लेख गरिएको छ? प्रभुको आराधना गर्दा त्यसको नतिजा के हुन्छ? हेर्नुहोस्: "१ परमप्रभुका सबै सेवकहरू, परमप्रभुको प्रशंसा गर, तिमीहरू जो परमप्रभुको भवनमा राती उहाँको सेवा गर्दछौ। २ पवित्रस्थानमा आफ्ना हात उचाली, परमप्रभुको प्रशंसा गर। ३ स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने परमप्रभुले तिमीलाई सियोनबाट आशीर्वाद देऊन्।"**

भजन १३४ले गन्ती ६:२४-२६को हारुनले इस्राएलीहरूलाई पुजारीय आशिर्वाद दिएको याद दिलाउँछ (भजन ६७:१ पनि हेर्नुहोस्)। परमेश्वर र मानिसहरूको बीचमा सम्बन्ध गाँसिन्दा त्यसबाट पाउने आशिषको नीतिलाई उल्लेखनीय रूपमा प्रस्तुत गर्दछ। परमेश्वरको पवित्र भवनमा मानिसहरूले उहाँलाई धन्यवाद चढाउँछन् र परमेश्वरले उहाँका जनहरूलाई सियोनबाट आशिष दिनुहुन्छ। परमेश्वरले दिनुहुने आशिषमा निष्पक्ष रूपमा सबै जीवहरूमा फैलिन्छ किनकि उहाँ नै स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ। सियोन भन्ने शब्दले उहाँका करारमा बाँधिएको जनहरूका बिचमा विषेश ईश्वरीय आशिषको सम्बन्ध भएको ठाँउलाई जनाउँछ। अनुग्रहको करारभित्रै

रहेर नै इस्राएलीहरूले प्रभुलाई धन्यवाद चढाउने र उहाँबाट आशिष पाउने अवसर प्रयोग हुन्छ।

देहायका पदहरूमा परमेश्वरका भक्तजनहरू वा उहाँको आराधना गर्नेहरूको चित्रण कसरी गरिएको छ, हेर्नुहोस्: "१ हे परमप्रभु, मेरो शक्ति, म तपाईंलाई प्रेम गर्दछु। २ परमप्रभु मेरो चट्टान, मेरो किल्ला र मेरा उद्धारक हुनुहुन्छ। मेरा परमेश्वर मेरो चट्टान हुनुहुन्छ, जसमा म शरण लिन्छु। उहाँ मेरो ढाल, र मेरा शक्तिशाली उद्धारक हुनुहुन्छ, मेरो गढ़। ३ म परमप्रभुलाई पुकार्छु, जो प्रशंसाको योग्य हुनुहुन्छ, अनि म मेरा शत्रुहरूबाट बचाइनेछु।" भजन १८:१-३, "७ तपाईंको अडिग कृपा कति अनमोलको छ! मानिसका सन्तानले तपाईंका पखेटाको छायामा शरण पाउँछन्। ८ तपाईंका भवनको प्रचुरताबाट तिनीहरूले भोज गर्छन्, र तपाईंको सुख-चैनको नदीबाट तपाईंले तिनीहरूलाई पियाउनुहुन्छ। ९ किनकि जीवनको स्रोत तपाईंसँग छ, तपाईंकै ज्योतिमा हामी प्रकाश देख्छौं। १० तपाईंलाई चिन्नेहरूमाथि तपाईंको प्रेम रहिरहोस्। र सत्यनिष्ठ हृदय हुनेहरूमा तपाईंको धार्मिकता रहिरहोस्।" भजन ३६:७-१०, "१ परमप्रभुको प्रशंसा गर। हे परमप्रभुका सेवक हो, प्रशंसा गर। परमप्रभुका नाउँको प्रशंसा गर। २ परमप्रभुका नाउँको अहिलेदेखि लिएर सदासर्वदासम्मै प्रशंसा भइरहोस्! ३ सूर्योदयदेखि सूर्यास्तसम्मै परमप्रभुको नाउँको प्रशंसा हुनुपर्दछ। ४ परमप्रभु सबै जाति-जातिहरूमा उच्च हुनुहुन्छ, र उहाँको महिमा स्वर्गभन्दा उच्च छ। ५ परमप्रभु हाम्रा परमेश्वरको समान को छ र? उहाँ, जो उच्च स्थानमा विराजमान हुनुहुन्छ, ६ जो आकाश र पृथ्वीमाथि दृष्टि गर्न निहुरनुहुन्छ। ७ कङ्गालीहरूलाई खरानीको थुप्रोबाट उहाँले उठाउनुहुन्छ, र दरिद्रहरूलाई घुरानबाट उचाल्नुहुन्छ। ८ उहाँले तिनीहरूलाई राजकुमारहरूसँग, र आफ्नै प्रजाका राजकुमारहरूका साथमा बसाल्नुहुन्छ। ९ बाँझी स्त्रीलाई छोराछोरीका सुखी आमाको रूपमा स्थिर गरिदिनुहुन्छ। परमप्रभुको प्रशंसा गर।" भजन ११३ र "१ परमप्रभुको प्रशंसा गर। परमप्रभुका नाउँको प्रशंसा गर, हे परमप्रभुका सेवकहरू, उहाँको प्रशंसा गर। २ तिमीहरू जो परमप्रभुको भवनमा, हाम्रा परमेश्वरको भवनमा सेवा गर्दछौ। ३ परमप्रभुको प्रशंसा गर, किनभने परमप्रभु भलो हुनुहुन्छ। उहाँको नाउँको भजन गाओ, किनकि यो मनोहर छ। ४ किनकि परमप्रभुले याकूबलाई आफ्नो बनाउन, र इस्राएललाई आफ्नै निज सम्पत्ति हुनलाई चुन्नुभएको छ। ५ मलाई थाहा छ, कि परमप्रभु महान् हुनुहुन्छ, र हाम्रा प्रभु सबै देवहरूभन्दा महान् हुनुहुन्छ। ६ स्वर्गमा,

**पृथ्वीमा, र समुद्रहरू र तिनका गहिराइमा परमप्रभुले आफ्नो इच्छाबमोजिम गर्नुहुन्छ। ७ उहाँले पृथ्वीका सीमानाको छेउबाट बादल उठाउनुहुन्छ, उहाँले वर्षासित बिजुली पठाउनुहुन्छ, र उहाँले आफ्ना भण्डारहरूबाट बतास निकाल्नुहुन्छ।" भजन १३५:१-७।**

परमेश्वरलाई पुजा वा आराधना गर्नेहरू उहाँका सेवकहरू हुन् भनेर भजनसंग्रहले प्रायजसो चित्रण गर्दछ। "परमेश्वरको भवनमा राति को उभिन सक्छ?" (भजन १३४:१)। रातमा पहरा दिने लेबीहरू (१ इतिहास ९:२३-२७) र दिन र रातमा परमेश्वरको प्रशंसा गर्ने लेबीहरूलाई सम्बोधन गरिएको हुनसक्छ (१ इतिहास ९:३३)। अदृश्य परमेश्वरलाई इस्राएलीहरूले आराधना गर्दथे। उहाँको कुनै पनि मूर्ति बनाएर वा आकार बनाएर आराधना गर्न सकिन्दैथे। पवित्र भवन परमेश्वरको महिमालाई प्रतिबिम्ब गरेको देखाउँथ्यो। मानिसहरूका पवित्र राजाको सामु निडर भएर पापीहरू आउन सक्ने सुरक्षित वातावरण त्यस भवनमा हुन्थ्यो। परमेश्वरले आफ्ना नीति, नियम, व्यवस्था र आदेशहरू दिनुभएको थियो। तिनीहरूलाई पालन गरे पवित्र भवनमा उहाँको उपस्थिति भएको आभास् उहाँका भक्तजनहरूले पाउँथे।"४ उहाँकहाँ जाओ, जो जीवित पत्थर हुनुहुन्छ। मानिसहरूबाट इन्कार हुनुभएको, तर परमेश्वरको दृष्टिमा उहाँ चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ। ५ तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ। ६ किनभने धर्मशास्त्रमा भनिएको छ, "हेर, सियोनमा एउटा छानिएको र बहुमूल्य कुने-ढुङ्गो म बसाल्छु, र जसले उहाँमाथि विश्वास गर्छ त्यो शर्ममा पर्नेछैन।" १ पत्रुस २:४-६। पत्रुसका भाषामा नयाँ करारमा पनि भजनसंग्रहमा व्यक्त गरेको त्यही धारणा हामी पाउँदछौं। परमेश्वरका जनहरू उहाँका पवित्र पूजाहारी हुन्, तिनीहरूका सृष्टिकर्ता र मुक्तिदाता प्रभु येशू ख्रीष्टलाई स्तुति, प्रशंसा र धन्यवाद तिनीहरूले चढाउँछन्। उहाँले तिनीहरूको निम्ति धेरै असल गुणहरू गर्नुभएकोले र सबै असल थोकहरूले सुसज्जित पारिदिनुभएकोले उहाँका भक्तजनहरू आभारित थिए र छन् पनि।

***हामी नयाँ करार युगका येशूका भक्तहरू हौं। हामीमा पनि पूजाहारीय भूमिका खेल्ने अवसर दिइएको छ। सारा संसारको लागि हामी सुसमाचारका माध्यम हौं। प्रभावकारी माध्यम हुन हामी के के उपायहरू अपनाउन सक्छौं?***

## २. परमेश्वरको निम्ति नयाँ गीत गाऔं

**देहायका पदहरूमा के साझा धारणा छ? हेर्नुहोस्, "उहाँको निम्ति एउटा नयाँ भजन गाओ, जयजयकार गर्दै निपुणतासाथ वाद्यहरू बजाओ।" भजन ३३:३, "उहाँले मेरा ओठमा एउटा नयाँ गीत राखिदिनुभयो, हाम्रा परमेश्वरका प्रशंसाको एउटा गीत। धेरैले यो देख्नेछन् र डराउनेछन्, र परमप्रभुमा भरोसा राख्नेछन्।" भजन ४०:३, "परमेश्वरको निम्ति एउटा नयाँ भजन गाओ, हे सारा पृथ्वी, परमप्रभुको निम्ति गाओ।" भजन ९६:१, "परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ, किनकि उहाँले अचम्मका कामहरू गर्नुभएको छ, उहाँको दाहिने बाहुली र उहाँको पवित्र पाखुराले उहाँको निम्ति उद्धारको काम गरेका छन्।" भजन ९८:१," हे परमेश्वर, म तपाईंको निम्ति एउटा नयाँ गीत गाउनेछु, दश-तारे सारङ्गी बजाएर म तपाईंको स्तुति गाउनेछु।" भजन १४४:९ र "१ हल्लेलूयाह! परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ, पवित्रजनहरूको समुदायमा उहाँको प्रशंसा गर।" भजन १४९:१।**

भजनसंग्रहले मानिसहरूलाई नयाँ गीत गाओ भनेर आह्वान गर्दछ। त्यो नयाँ गीत वा भजन के हो त? संसारमाथि परमेश्वरको प्रभुत्त्व, यश, महिमा र सार्वभौमसत्ता कायम भइरहेकोले त्यसको पहिचान स्वीकार्नुपर्दछ। उहाँ सारा पृथ्वीका सृष्टिकर्ता र न्यायकर्ता हुनुभएकोले उहाँको हेरचाहा र मुक्ति प्रति हामी कृतज्ञ भएर उहाँसँगको सम्बन्धमा हामीले ताजा राख्नुपर्दछ। शत्रुहरू र मृत्युबाट उद्धार, इस्राएलीहरूप्रति उहाँको विशेष निगाहा भएको आदि अनुभव नै नयाँ गीत गाउने व्यक्तिगत धारणा हुनुपर्दछ। परमेश्वरको प्यार, दया र अचम्मका कामहरूप्रति आभारित भएर उहाँको स्तुति प्रशंसा त गर्नैपर्छ, तर नयाँ गीत भनेको विशेष गीत हो। आनन्दले भावविभोरले प्रज्वलित हुँदै परमेश्वरलाई गरिने प्रतिज्ञाको नविकरण गर्न विषेश नयाँ गीत रचिन्छ र गाउनुपर्दछ। परमेश्वरको ईश्वरीय उद्धारको नयाँ अनुभवले उहाँ नै सृष्टिकर्ता र चक्रवती राजा हुनुहुन्छ भनेर स्वीकार्दा उहाँको स्तुतिप्रशंसा गर्न प्रेरणा मिल्दछ। "नयाँ गीत" भनेर साझा धारणाले परमेश्वरमाथि भरोसा राख्नुपर्छ भनेर औंल्याउँछ। उहाँका अचम्मका कामहरू र दुःखकष्टमा उहाँको उद्धार र अरूहरूको कारणले गर्दा उहाँको स्तुतिप्रशंसा गर्नुपर्छ।

**देहायका बाइबलका पदहरूले "नयाँ गीत" भन्दा कसलाई सम्बोधन गर्दछ? हेर्नुहोस्: ८ "म परमप्रभु हुँ, मेरो नाउँ त्यही हो! मेरो महिमा म अरूलाई दिनेछैनँ, अथवा मेरो प्रशंसा मूर्तिहरूलाई दिनेछैनँ। ९ हेर, पहिलेका कुराहरू**

भइसके, र नयाँ कुराहरू म बताउँछु। ती हुनभन्दा अघि नै म तिनका विषयमा तिमीहरूलाई प्रकाशित गर्नेछु। १० परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ, उहाँको प्रशंसा पृथ्वीको पल्लो छेउदेखि गर, हे तिमी समुद्रमा यात्रा गर्ने र त्यसमा भएका सारा थोक हो, हे टापूहरू र तिनका सबै बासिन्दा हो! ११ मरुभूमि र त्यसमा भएका नगरहरूले आफ्ना-आफ्ना सोर उचालून्। केदार बसेका बस्तीहरूसमेतले गाऊन्, सेलाका मानिसहरू आनन्दले गाऊन्। तिनीहरू पर्वतका टाकुराबाट कराऊन्। १२ तिनीहरूले परमप्रभुलाई महिमा दिऊन्, र टापूहरूमा उहाँका प्रशंसाको घोषणा गरून्। १३ परमप्रभु शक्तिशाली पुरुषझैं निस्कनुहुनेछ। एउटा योद्धाझैं उहाँले आफ्नो जोश देखाउनुहुनेछ। उहाँ कराउनुहुनेछ, र ठूलो सोरले युद्ध-ध्वनि उठाउनुहुनेछ। उहाँ आफ्ना शत्रुहरूमाथि विजयी हुनुहुनेछ।" यशैया ४२:८-१३, "६ तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा सीङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्। ७ उहाँ जानुभयो, र सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीबाट त्यो मुट्ठो लिनुभयो। ८ जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाएः "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।" प्रकाश ५:६-१० र "१ अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए। २ अनि धेरै पानीहरूको आवाजजस्तै, र ठूलो गर्जनको आवाजजस्तो स्वर्गबाट आएको एउटा सोर मैले सुनें। मैले सुनेको त्यो सोर वीणा बजाउनेहरूले बजाइरहेका वीणाको सोरजस्तो थियो। ३ सिंहासनको र ती चार जीवित प्राणीहरूका र धर्म-गुरुहरूका अगाडि तिनीहरूले एउटा नयाँ गीत गाउँदथे। पृथ्वीबाट मोल तिरी छुटाएका एक लाख चवालीस हजारले बाहेक कसैले त्यो गीत सिक्न सक्दैनथ्यो। ४ तिनीहरू स्त्रीसँग लसपस

**भएका थिएनन्, र आफूलाई चोखो राखेका थिए। थुमा जता-जता जानुहुन्छ उहाँको पछिपछि लाग्नेहरू यिनीहरू नै हुन्। परमेश्वर र थुमाको निम्ति पहिलो फलको रूपमा मानिसहरूका बीचबाट यिनीहरू मोल तिरी छुटाइएका थिए। ५ तिनीहरूका मुखमा कुनै झूट पाइएन, तिनीहरू निष्खोट छन्"प्रकाश १४:१-५।**

इस्राएलीहरूलाई परमेश्वरका नजिक भएका जनहरू हुन् भनेर बढो स्नेहपूर्वक सम्बोधन गरिएको छ (भजन १४८:१४)। सारा संसारका सबै जातिहरूमा इस्राएलको स्थान अत्यन्त विशेष थियो भनेर जनाइएको थियो। त्यसकारण, इस्रायलीहरू अत्यन्तै आभारित भएर परमेश्वरको स्तुतिप्रशंसा गर्न शुभअवसर मान्नुपर्दथ्यो। येशू मानिसहरूका उद्धारकर्ता हुनुभएकोले संसारका सबै विश्वासीहरूले उहाँको निम्ति नयाँ गीत गाएर उहाँको प्रशंसा गर्नुपर्दछ भनेर बाइबलले आह्वान गर्दछ। थुमाको रगतले पाउने मुक्ति पाउँछ भन्ने विशेष गवाही वा सन्देश त्यस नयाँ गीतमा उल्लेख गरिएको हुन्छ। "नयाँ गीत" ताजा गीत हो भनेर चित्रण गर्दछ जुन् कसैले पहिला कहिल्यै पनि सुनेको थिएन। परमेश्वरको अनुग्रही उपस्थिति व्यक्तिको जीवनमा भएको उल्लेखनीय अनुभवले उसको हृदय पुनर्जागृत भएर उहाँको निम्ति नयाँ गीत सम्झनाको निम्ति गाइन्छ। नयाँ गीतले आशा पनि व्यक्त गर्दछ। परमेश्वरको निरन्तर उपस्थिति आफूमा भइरहेको विशेष अनुभवलाई मध्यनजर राखेर उहाँको महिमा र भविष्यमा उहाँसँग सहभागी हुन पाउने प्रावधानले उत्साहित भएर उहाँको स्तुतिप्रशंसा गरिन्छ। सच्चा भक्ति र आराधना विभिन्न भेटी र त्यागहरूभन्दा अपार हुनुपर्छ। परमेश्वरसँगको सम्बन्धमा जहिले पनि  ताजापन, गतिशील र प्रगतिशील भएको जीवनशैलीले देखाउन सक्नु नै उहाँको सच्चा र पक्का आराधाना वा उपासना हो। नयाँ गीत परमेश्वरप्रति व्यक्त गरिने नयाँ भावना हो। प्रत्येक दिन परमेश्वरले हामीलाई के गर्नुभयो सोप्रति आभारित हुँदै उहाँलाई प्रेम गर्दै श्रद्धापूर्वक उहाँको भजन गाउनुपर्दछ।

***तपाईंको जीवनमा परमेश्वरका आशिषहरूको बारेमा सोच्नुहोस्। यदि तपाईंले नयाँ गीत गाउनुपर्‍यो भने त्यो के होला?***

## ३. प्रभु, तपाईंको पवित्र भवनमा को  रहन सक्छ, अर्थात् त्यहाँ तपाईंको आराधना गर्न को योग्यको छ?

भजन १५मा परमेश्वरको समिपमा आराधना गर्न को योग्यको छ अर्थात् उहाँकहाँ उपसना गर्न आउन को सुहाउँछ भनेर स्पष्ट पारेको छ। हेर्नुहोस्, "१

हे परमप्रभु, तपाईंको पवित्र पालमा को बस्न सक्छ? तपाईंको पवित्र पर्वतमा को चढ्न सक्छ? २ केवल त्यो मानिस बस्न सक्छ जसको जीवन पवित्र छ र जसले असल कामहरू गर्न सक्छ। जसले सत्य बोल्छ, केवल त्यो मात्र तपाईंको पर्वतमा बस्न सक्छ। ३ यस्तो मानिसले अरूको विषयमा खराब बोल्दैन। उसले आफ्नो छिमेकीको विरूद्धमा नराम्रो गर्दैन। उसले आफ्ना परिवारका मानिसहरूको विषयमा लज्जाजनक कुराहरू गर्दैन। ४ त्यो मानिसले तिनीहरूलाई अस्वीकार गर्छ जसले परमेश्वरलाई घृणा गर्छ। तर उसले तिनीहरूलाई सम्मान गर्छ जसले परमप्रभुलाई आदर गर्छ। यस्तो मानिसले आफूलाई हानि गराएर पनि आफ्नो प्रतिज्ञा कायम राख्छ। ५ उसले कसैलाई ऋण दिन्छ तर ब्याज लिंदैन। अनि निर्दोष मानिसहरूलाई नोक्सान पार्न घूस लिंदैन। यदि ऊ कुनै असल मानिस जस्तै बाँच्छ भने ऊ सदा परमेश्वरको नजिक हुनेछ। "

यहाँ सोधिएको प्रश्नको जवाफ निचोडमा भन्ने हो भने परमेश्वरको व्यवस्था, मर्म र अगमवक्ताहरूले विश्वासीहरूबाट अपेक्षा गरिएको जीवनशैलीको सारांश हो। तिनीहरूका कामहरू धर्मपराण र उचित हुनुपर्दछ र तिनीहरूको चरित्रले परमेश्वरको प्रतिबिम्ब गर्नुपर्दछ (व्यवस्था ६:५, मिका ६:६-८)। परमेश्वरको आराधना गर्ने स्थल पवित्र स्थान हो र त्यहाँ भएका सबै थोकहरू पुजाहारीहरूसमेत परमेश्वरमा समर्पित भएको हुन्छ। त्यसकारण, परमेश्वरको पवित्र स्थानमा उहाँको समिपमा रहने आराधक पवित्र हुनु जरुरी छ। इस्राएलमा पवित्रताको अर्थ व्यापक छ। जीवनका सबै पक्षहरूलाई एकत्रित पार्दै नीतिवान र चरित्रवान भएर परमेश्वरको गर्नुपर्दथ्यो। केवल औपचारिक, झारा टार्ने र देखावटी आराधना परमेश्वरको निम्ति मान्य हुँदैन। परमेश्वरका जनहरूलाई विधिविधानहरू यसकारण दिएको थियो कि तिनीहरू पुजाहारीहरूको राज्यको जीवन बिताउन सक्षम हुन सकोस्। तिनीहरूमा भएका सबै क्षमता परमेश्वरमा समर्पित गर्नुपर्दथ्यो। राजकीय पुजारी हुनुको अर्थ परमेश्वरको उपस्थितिमा पवित्र जीवन बिताउनु पर्दछ। अरू राष्ट्रहरूमा पनि इस्राएलीहरूले पाएका करारको आशिष फैलाउन अपेक्षा गरिएको थियो।

पवित्र हुनुको अर्थ के हो? हेर्नुहोस्: "३ परमप्रभुको पर्वतमाथि को जान सक्छ? उठेर परमप्रभुको पवित्र मन्दिरमा उपासना गर्न को सक्छ? ४ मानिसहरू जसले पाप कर्महरू गरेका छैनन् मानिसहरू जसका शुद्ध हृदयहरू छन्। मानिसहरू जसले सत्य भनेर झूट बोल्नलाई मेरो नाउँ प्रयोग गरेका

छैनन्। अनि जसले झूटो बोलेनन् र झूटा कसमहरू खाएका छैनन्, तिनीहरूले मात्र त्यहाँ उपासना गर्न सक्छन्।" भजन २४:३,४ र " १ म प्रेम र निष्पक्ष न्यायको गीत गाउनेछु। परमप्रभु, म तपाईंको निम्ति गाउने छु। २ म सतर्कतासाथ शुद्ध जीवन जिउनेछु। म मेरो घरमा शुद्ध प्रकारले जिउनेछु। परमप्रभु तपाईं मकहाँ कहिले आउनुहुनेछ? ३ म आफू समक्ष कुनै मूर्तिहरू राख्ने छैन, म त्यस मानिसलाई घृणा गर्नेछु जो तपाईंको विरूद्ध जाँन्छ। म त्यस्तो गर्नेछैन! ४ म ईमान्दार हुनेछु। म दुष्टपूर्ण कामहरू गर्नेछैन।"भजन १०१:१-४।

शुद्ध र सिद्ध हृदय हुनु परमेश्वरको भक्तको महान् गुण हो। हिब्रू भाषामा सिद्धलाई टामिन tamin भन्छ जसको अर्थ पूर्णता र सम्पूर्णता हो। असल, परिपक्व र सिद्ध बिरूवा नबिग्रेको र स्वस्थ हुन्छ (इजिकिएल १५:५)। बलिलाई चढाउने पशुहरू टामिन वा खोटरहित हुनुपर्दछ (लेबी २२:२१-२४)। सिद्ध भन्दा सबै थोकमा सत्यवादी भएको जनाउँछ (अय्यूब ३६:४)। त्यसकारण, सिद्ध हृदय शुद्ध र पवित्र हुन्छ (भजन २४:४)। इमान्दारी, नैतिकवान हृदय हुनु नै सिद्ध हृदय हो। शुद्ध हृदय भएको मानिसले परमेश्वरलाई खोज्छ वा उहाँको चाहना गर्दछ (भजन २४:६) र परमेश्वरबाट क्षमा पाएर त्यो व्यक्ति पुनर्स्थापित हुन्छ (भजन ५१:२-१०)। परमेश्वरको अनुग्रह र उहाँको धार्मिकतालाई स्वीकारेर चल्दा निर्दोष जीवन बिताउने चाहना उब्जेर आउँछ। परमेश्वरका सेवकहरूलाई उहाँको अनुग्रह प्रदान हुन्छ र त्यसले उहाँप्रति श्रद्धालु हुन र उहाँको भय मान्न सक्षम हुन्छ। अर्थात् उहाँसँगको सङ्गतिमा कुनै बाधा अर्चन आउन नदिएर भक्तजन जिउँदछ र उहाँको वचनमा त्यो व्यक्ति समर्पित हुन्छ। धर्मी र परमेश्वरमा समर्पित जीवनले परमेश्वरको जय हुन्छ तर आफ्नो जय वा आफ्नो भाउ खोज्दैन। भजन १५ले औंल्याएका अत्यन्तै आवश्यकताहरू नकारात्मक तरिकाले उल्लेख गरिएको छ (भजन १५:३-५)। यो परमेश्वरको निगाहा पाउन होइन तर त्यहाँ उल्लेख गरिएका परमेश्वरबाट अलग गरिने तत्त्वहरूबाट पन्छिएर बस्नु हो।

***परमेश्वरबाट टाढा राख्ने तत्त्वहरूबाट स्वविवेक प्रयोग गरेर अलग हुन हामी कसरी निर्णय गर्दै जीवन बिताइरहने? परमेश्वर र हाम्रो बिचमा आउने तगारोहरू के हुन र त्यसबाट हामी कसरी पन्छिएर बस्ने?***

## ४. सारा राष्ट्रहरूको सामु उहाँको महिमाको घोषणा गर

**भजन ९६ परमेश्वरलाई गर्ने आराधनामा विभिन्न पक्षहरू छन्। ती के हुन् केलाएर पढ्नुहोस्ः** "१ परमप्रभुले गर्नु भएको नयाँ कुराहरूका बारेमा नयाँ गीत गाऊ सारा संसारले परमप्रभु प्रति गीत गाउन्। २ परमप्रभु प्रति गाऊ! उहाँको नाउँलाई आर्शीवाद देऊ! सुसमाचार भन। प्रत्येक दिन उहाँको मुक्तिको विषयमा कुरा गर। ३ परमप्रभु साँच्चि नै अद्भूत हुनुहुन्छ, भनेर मानिसहरूलाई भन। परमेश्वरले गर्नु हुने आश्चर्यचकित चीजहरूका विषयमा राष्ट्रहरू माझ भन। सृजना गर्नु हुने अचम्मका कामहरूको बारेमा मानिसहरूलाई भन। ४ परमप्रभु महान् हुनुहुन्छ र प्रशंसाको योग्य हुनुहुन्छ। उहाँ अन्य सबै "देवताहरू"को भन्दा अझ उहाँकै डर राख्नु पर्छ। ५ अन्य जातिहरूका सबै "देवताहरू" खाली मूर्तिहरू मात्र हुन्। तर परमेश्वरले स्वर्ग बनाउनुभयो। ६ उहाँको समक्षमा आदर र महिमा चम्किरहेको छ। परमेश्वरको पवित्र मन्दिरमा शक्ति र सौन्दर्य छ। ७ परिवारहरू, जातिहरू परमप्रभुको प्रशंसा र महिमाको गीत गाऔं। ८ परमप्रभुको नाउँको प्रशंसा गर आफ्ना बलिहरू ल्याऊ र मन्दिर तर्फ जाऊ। ९ पवित्रताको सौन्दर्यसित परमप्रभुको उपासना गर। पृथ्वीमा प्रत्येक मानिसले परमप्रभुको उपासना गर। १० जाति-जातिहरूलाई घोषणा गर। परमप्रभु नै राजा हुन्, ताकि संसार नष्ट नहोस्। परमप्रभुले निष्पक्ष रूपमा संसारमा राज गर्नुहुनेछ। ११ हे आकाश, खुशी हो! हे पृथ्वी, आनन्दित बन! यसमा भएका समुद्र र प्रत्येक थोक खुशीले कराऊ, चिच्याऊ। १२ खेतहरू र त्यसमा उब्जने प्रत्येक चीज, खुशी बन। जङ्गलका रूखहरू, गाऊ र खुशी बन! १३ खुशी बन किनभने परमप्रभु संसारमा "राज" गर्न आइरहनु भएको छ। उहाँले पक्षपात नगरी संसारमा न्याय गर्नु हुनेछ।

"आराधना वा परमेश्वरको उपासना गर्दा विभिन्न विषय वस्तुहरू समावेश हुनुपर्दछः भजन वा गीत गाउनुपर्छ (भजन ९६:१,२), उहाँ कतिको भलो र असल हुनुहुन्छ भनेर उहाँको प्रशंसा गर्दै धन्यवादको आवाज उठाउनु पर्छ र उहाँको महानताको तारिफ गर्नुपर्छ (भजन ९६:३,४), उहाँको पवित्र भवनमा दशांश, भेटी र उपहारहरू ल्याउनुपर्छ (भजन ९६:८) र आराधनाको मुख्य पक्षमा अरूहरूलाई सुसमाचारको घोषणा गर्दै उहाँको राज्यको आगमनको बारेमा सुनाउनुपर्दछ (भजन ९६:२,३,१०)। त्यसकारण, सुसमाचारीय कार्यक्रममा आराधना गर्दा गीत गाउने, स्तुतिप्रशंसा गर्ने, उपहार ल्याउने र सुसमाचार सुनाउने विषयबस्नुहरू अलग राखेर गरिँदैन। सारा राष्ट्रहरूमा

परमेश्वरको मुक्ति दिने सन्देशको घोषणा गर्दै आराधनाका विषयवस्तुहरू समावेश हुँदा आराधकहरूले आत्मिक वातावरणको अनुभव गर्दछन्। आराधना वा उपासनाका कारणहरूलाई सोच्दा मानिसहरूले यी सन्देशहरू तिनीहरूको दिमागमा घुस्दछन्ः "परमेश्वर महान् हुनुहुन्छ" (भजन ९६:४), "संसारका मानिसहरूका सबै देवीदेवताहरू केवल मूर्तिहरू मात्र हुन्, तिनीहरूले होइन, सनातन परमेश्वरले नै आकाश र पृथ्वी सृष्टि गर्नुभएको हो" (भजन ९६:५), "प्रभुले नै शासन गर्नुहुन्छ" (भजन ९६:१०) र "उहाँ संसारको न्याय गर्न" आउनुहुँदैछ" (भजन ९६:१३)। त्यसकारण, सुसमाचारको लक्ष्य नै अरू मानिसहरूलाई परमेश्वरका जनहरूसँग सम्मिलित गराउनु र अन्तमा आएर सारा सृष्टिले प्रभुको आराधना वा उपासना गर्नु हो (भजन ९६:११-१३)।

परमेश्वर सृष्टिकर्ता, राजा र न्यायकर्ता हुनुहुन्छ भनेर भित्री हृदयदेखि हामीले पहिचान गर्न सक्यौं भने उहाँको आराधना गर्ने भावना उब्जिन्छ (भजन ९६:५,१०,१३)। त्यसकारण, परमेश्वरको आराधना गर्दा परमेश्वरका विगतका सृष्टि जस्ता कामहरूलाई याद गर्ने समावेश हुन्छ र वर्तमान संसारलाई उहाँले समाल्नुभएका र शासन गर्नुभएको अचम्मको उपस्थिति र भविष्यको काममा हामी समावेश हुने आशालाई हृदयमा जलाइ राख्ने भावना आराधनामा जगाइ रहेको हुन्छ। अन्तको समयमा उहाँले गर्नुहुने न्याय र नयाँ स्वर्ग तथा नयाँ पृथ्वीमा हाम्रो जीवन नयाँ हुनेछ भन्ने आशा आराधना गर्दा सम्झिरहनुपर्दछ।

जब भजनमा परमेश्वरको न्यायको बारेमा चर्चा गरिन्छ तब उहाँको शासन प्रणालीमा शान्ति, न्याय र संसारको भलोको निम्ति व्यवस्था गर्ने स्थितिलाई बुझाउँछ। हामीलाई थाहा छ वर्तमान संसार अन्याय, अत्याचार, कष्ट र दमनको विगिविगीमा छ। त्यसकारण, परमेश्वरले न्याय गर्नुहुनेछ भन्ने ज्ञानले सारा संसार नै खुशीले गदगद हुनु स्वभाविकै हो (भजन ९६:१०-१३, भजन ९८:४-९)। परमेश्वर धार्मिक न्यायकर्ता हुनुहुन्छ भन्ने धारणलाई आत्मसात गरेर उहाँको आराधना गर्दा सो आराधना पवित्र हुनुपर्छ र उहाँको सामु थरथर काम्नुपर्छ भन्ने मनस्थिति हुनुपर्दछ। आराधना गर्दा केवल झारा तार्ने र ओपचारिक प्रक्रिया पूरा गर्न हल्का पाराले गर्नुहुन्न भन्ने कुरामा सजग हुनुपर्दछ (भजन ९६:९)। आराधना गर्दा अत्यन्त आनन्दित हुनुपर्छ र उहाँमाथि भरोसा राखिरहेको छ भन्ने मनस्थितिमा रहनुपर्दछ (भजन ९६:१,२:११-१३) साथै पवित्र भय र अगाढ श्रद्धा भक्तिदेखाउनुपर्दछ (भजन ९६:४,९)।

भजन ९६ मा आह्वान गरिएको परमेश्वरलाई गरिने आराधनामा उहाँ

सृष्टिकर्ता र न्यायकर्ता हुनुहुन्छ भन्ने धारणा संसारलाई सुनाउने अन्तिम सुसमाचारका सन्देशहरूलाई प्रतिविम्बित गर्दछ। यी प्रकाश १४:६-१२मा उल्लेख गरिएको तीन स्वर्गदूतहरूको सन्देशहरू हुन्। यो भजनमा युगको अन्तमा दिने सन्देशमा दिने विषयवस्तुहरू समावेश भएको देखिन्छः सृष्टि, मुक्ति (अनन्तको सुसमाचार), आराधना र न्याय। यी सबै विषयहरू यस भजनमा छ।

*यो भजनसँग तीन स्वर्गदूतका सन्देशहरू तुलना गर्नुहोस् (प्रकाश १४:६-१२)। दुवै भजन र तीन स्वर्गदूतहरूका सन्देशहरूमा त्यही आधारभूत सत्यहरू संसारमा सुनाउनुपर्छ भनेर हामीलाई कसरी सिकाउँछ?*

## ५. आराधना गर्दा मानिसहरूले ल्याउने बलि, भेटी आदिहरूप्रति परमेश्वर कहिले प्रशन्न हुन्न?

देहायका पदहरूमा के महत्त्वपूर्ण विषयबस्तुहरूलाई सम्बोधन गरिएको छ? परमेश्वर आफैले निर्धारण गर्नुभएको बलिदान तथा त्यागका भेटीहरूप्रति (प्रस्थान २०:२४) किन खुशी हुनुहुन्न? हेर्नुहोस्, भजन ४०:६-८ "६ बलिदान र भेटी तपाईंले चाहनुभएन, तर मेरा कानहरू तपाईंले खोलिदिनुभएको छ। होमबलि र पापबलिको माग तपाईंले गर्नुभएन। ७ तब मैले भनें, "म यहीं छु, म आएको छु– धर्मशास्त्रमा मेरो विषयमा यस्तै लेखिएको छ। ८ हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ।", भजन ५०:७-२३ " ७ "हे मेरो प्रजा, सुन्, र म तिमीहरूसँग बोल्नेछु, हे इस्राएल, म तिम्रो विरुद्धमा गवाही दिनेछु। म परमेश्वर हुँ, तिम्रा परमेश्वर। ८ तिम्रा बलिदानहरूका लागि म तिमीहरूलाई दोष दिन्नँ, वा तिम्रा होमबलिहरूका लागि, जो निरन्तर मेरो सामुन्ने छन्। ९ तिम्रा गोठको साँढ़े, अथवा तिम्रा गोठहरूबाट बोकाको मलाई आवश्यकता छैन। १० किनकि जङ्गलको हरेक बस्तु र हजारौं डाँड़ाहरूका गाईबस्तु मेरै हुन्। ११ पर्वतहरूको प्रत्येक पक्षीलाई म चिन्छु, र भूमिका सबै प्राणीहरू मेरै हुन्। १२ म भोकै भए तापनि तिमीलाई भन्नेथिइनँ, किनकि पृथ्वी र त्यसमा भएका यावत् थोक मेरै हुन्। १३ के म साँढ़ेहरूको मासु खान्छु अथवा बाख्राहरूको रगत पिउँछु? १४ परमेश्वरलाई धन्यवाद बलि चढ़ाऊ, र सर्वोच्चलाई दिएको भाकल पूरा गर्नु। १५ र सङ्कष्टको दिनमा मलाई पुकार्नु, र म तिमीलाई छुटाउनेछु, र तिमीले मेरो महिमा गर्नेछौ।" १६ तर दुष्टलाई परमेश्वरले भन्नुहुन्छ, "मेरो व्यवस्था पाठ गर्ने तिम्रो के हक छ? वा तिम्रा ओठले मेरो करारको कुरा गर्ने तिम्रो के अधिकार छ? १७ तिमी मेरा शिक्षालाई घृणा गर्दछौ, र मेरा वचनलाई

लत्त्याउँछौ। १८ चोरलाई भेट्दा तिमी चोरकै साथी हुन्छौ, अनि तिमी व्यभिचारीहरूको सङ्गत गर्छौ। १९ खराबी बोल्नलाई तिमी आफ्नो मुख चलाउँछौ, र तिम्रो जिब्रोलाई छली कुराको लागि काममा लगाउँछौ। २० तिमी निरन्तर आफ्नै भाइको विरुद्धमा बोल्छौ, र तिम्रो साक्खै भाइको निन्दा गर्छौ। २१ तिमीले यी सब काम गरेका छौ, र म चूप लागें, तिमीले सोच्यौ म सर्वथा तिमीजस्तै छु। तर म तिमीलाई हप्काउनेछु, र तिम्रै मुखको अगि तिम्रो दोष देखाउनेछु। २२ "हे परमेश्वरलाई बिर्सने हो, यो राम्ररी विचार गर, नत्रता म तिमीलाई टुक्रा-टुक्रा पार्नेछु, अनि तिमीलाई छुटाउने कोही पनि हुँदैन। २३ धन्यवाद बलि चढ़ाउनेले नै मेरो महिमा गर्दछ, र त्यसले मार्ग सुधार्छ, यसरी म त्यसलाई परमेश्वरको मुक्ति देखाउनेछु।" र भजन ५१:१६-१९ "तपाईं बलिमा प्र.सन्न हुनुहुन्न, नत्रता म बलि चढ़ाउनेथिएँ। होमबलिमा तपाईं खुशी हुनुहुन्न। १७ तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न। १८ तपाईंको इच्छाअनुसार सियोनको भलाइ गर्नुहोस्। यरूशलेमका पर्खालहरू निर्माण गरिदिनुहोस्। १९ तब तपाईंलाई प्रसन्न पार्न धार्मिकताका बलिहरू चढ़ाइनेछन्, सम्पूर्ण होमबलि र साँढ़ेहरू तपाईंको वेदीमा चढ़ाइनेछन्।" (प्रस्थान २०:२४ " 'मेरो निम्ति माटोको वेदी बनाएर त्यसैमा तिमीहरूका होमबलि, मेलबलि, भेड़ाबाख्राहरू र गाईबस्तुहरू चढ़ाउनू। जहाँ-जहाँ म मेरो नाउँको आदर गराउनेछु, त्यहाँ-त्यहाँ आएर म तिमीहरूलाई आशिष् दिनेछु")।

धर्मको खोल ओढेर आराधना, पूजा, पाठहरूको दुरुपयोग गर्नेहरूप्रति भजनसंग्रहका लेखकहरूले घोर आपत्ति जनाउँछन्। परमेश्वरका अगमवक्ताहरूले पनि त्यसरी नै विरोध जनाएका थिए। इस्राएलीहरूले ल्याउने बलि र विभिन्न धार्मिक उत्सबहरूप्रति परमेश्वरको आपत्ति त होइन, तर धर्मकै नाउँमा आराधना र आत्मियताको बीचमा भएको दुरीप्रति उहाँको घोरबिरोध हो।

इस्राएलीहरूका बलि र भेटीहरू प्रति परमेश्वरले विरोध गर्नुभएको होइन तर तिनीहरूको दुष्ट चालामाला र अन्याय, अत्याचार र शोषणप्रति उहाँको घोर बिरोध हो। तिनीहरूले आआफ्नो व्यक्तिगत जीवनमा नै ती दुष्ट कामहरू गरेका थिए (भजन ५०:८, १७-२१)। बलिदान, भेटी र आराधनाको विरोधमा भजनका लेखकहरूले सम्बोधन गरेका होइनन् तर बेकारका भेटी, बलिदान र झारा तार्ने वा औपचारिक अर्थात् देखावटी आराधनाप्रति थियो। आराधना गर्ने मानिसहरू अधर्मी, दुष्ट काम गर्छन् र एक आपसमा शोषण वा दमन गर्दछन् तर परमेश्वरको पवित्र स्थानमा आएर

आफूहरू कति न कतिको धर्मात्मा छु भनेर दम्भ गर्ने भक्तहरूप्रति परमेश्वरले घोर आपत्ती जनाउनुहुन्छ।

भित्री श्रद्धाभावले गरिने आराधना र विभिन्न भेटी ल्याएर र तरिकाहरू अपनाएर आराधना गर्नेमा एकता भएन भने त्यो आराधनाको अर्थ हुँदैन। आराधना कुन नियतले गरिन्छ त्यो सोच्नु अनिवार्य छ। यदि परमेश्वरको नीतिमा नचली र उहाँप्रति हृदयदेखि श्रद्धाभावले उहाँको आराधना गरिएन भने त्यो आराधना कार्य केवल संस्कार र चलनमा मात्र झर्दछ। परमेश्वरको मार्गमा चल्नुभन्दा मानिसहरूले संस्कारलाई ग्राह्यता दिएको हुन्छ। परम्परा वा संस्कारको नाउँमा गरिने परमेश्वरको उपासनाले मानिसहरूलाई उहाँतिर नजिक ल्याउँदैन न त उहाँप्रति आकर्षित नै हुन्छ। तिनीहरूको आराधनाको फोकस नै तिनीहरूले गर्ने विधि पूरा गर्नेमा हुन्छ। यथार्थमा आराधनाको फोकस परमेश्वर हुनुपर्दछ। देखावटी, औपचारिक, परम्परागत शैलीमा गर्ने आराधना वा चर्चमा गएर सेवाकार्य गर्ने परमेश्वरको लक्ष्यको उल्टो हुन्छ। आराधना वा पवित्र मन्दिरमा गर्ने सेवाकार्यहरूले परमेश्वरलाई नै औंल्याउनुपर्दछ। ती विधिहरूले के र कसलाई प्रकट गरिएको छ सोमा ध्यान दिनु जरुरी छ।

**यूहन्ना ४:२३,२४ पढ्नुहोस्। आराधना गर्दा भजनहरूमा सावधानी गर्न सिकाएकोसँग येशूको वचन कसरी ठिकसँग मिल्दछ?** हेर्नुहोस्, **"२३ तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। २४ परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।"**

परमेश्वरको आराधना गर्दा बलिदान, भेटी देखावटी धर्मकर्म पर्याप्त छैन। आराधकहरूको हृदय पश्चात्तापीले भरिएन भने, विश्वास तथा आस्थामा तिनीहरू चलिएन र आफ्ना पापप्रति दुःख मनाव गरिएन भने ती सबै बलि तथा भेटीहरूको कुनै अर्थ नै हुँदैन। तत्कालिन इस्राएली मानिसहरूले पश्चात्ताप गर्दै भित्री हृदयदेखि धन्यवादी भएर पशुहरू ल्याएमात्र परमेश्वरको निम्ति मान्य हुन्थ्यो। सच्चा हृदयले ल्याएका बलिदा, भेटीहरू धार्मिकताका बलिहरू हुन् भनेर भजन ५१:१९,५०:१४मा उल्लेख गरिएको छ। देखावटी, औपचारिक पूरा गर्न वा संस्कारको नाउँमा गरिने पूजापाठ वा आराधनालाई येशू आफैले यशैयाले व्यक्त गरेका भावनालाई उदृध गर्नुहुन्छ, "६ यसरी तिमीहरूले आफ्नो परम्पराको खातिर परमेश्वरको वचनलाई बेकम्मा गराएका छौ। ७ ढोंगी हो, यशैयाले तिमीहरूका विषयमा ठीकै अगमवाणी बोले, ८ 'यस जातिले मलाई

ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मबाट टाढ़ा छ। ९ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्'।" मत्ती १५:६-९। धर्मको खोल लगाएर परमेश्वरको मन्दिरमा आएर आराधना गर्ने सर्वसाधरण इस्राएली र धर्मगुरुहरूको समस्याहरू के थियो जुन भजनका लेखकहरूले अनुभव गरेका थिए त्यही अनुभव पृथ्वीमा आफ्नो सेवाकालमा येशूले गर्नुभएको थियो। (के अहिले पनि औपचारिक पूरा गर्न चर्चमा आराधना गर्नेहरूको केही कमी छ त?)।

***हामी एडभेन्टिस्टहरूमा जतिसुकै दिव्यज्ञान र सत्यको बारेमा जानकारी भएतापनि सत्य थाहा नै थाहा छ भनेर औपचारिक विधिहरू अपनाए पुग्छ र परमेश्वर प्रशन्न हुनेछ भन्ने धरापमा नपर्न के गर्नु पर्छ?***

उपसंहारः

**थप जानकारीः एलेन जी. ह्वाइटद्वारा लिखित *अ कल टु स्टान्ड अपार्टको* पृ. ३९-४२को "हाउ टु प्रे"।**

हामी मानव प्राणी हौं। दिन दिनै हामीले कुनै कुनै गलत काम गरिरहेका हुन्छौं वा सोचिरहेका हुन्छौं। जब हामी आराधना गर्न आउँछौं तब त्यसको केन्द्रविन्दुमा सच्चा पश्चात्ताप समावेश हुनुपर्दछः "पश्चात्तापमा आफ्नो पापप्रति दुःखित हुनु हो र त्यसबाट फनक्क फर्किने अठोट गर्नु हो। जबसम्म पापको स्वभावलाई हामी देख्दैनौं तबसम्म हामीले पापलाई त्याग्ने छैनौं। जबसम्म हृदयदेखि नै पापबाट फर्किंदैनौं तबसम्म हाम्रो जीवन वास्तिविक रूपमा परिवर्तन हुँदैन।'पश्चात्तापको सही स्वभावलाई धेरैले बुझ्न सकेको हुँदैन। लाखौं मानिसहरूले आफ्नो पापप्रति दुःखित हुन्छन् र बाहिरबाट सुधारपनि गरिन्छ। आफूले गरेका गल्तीहरूले आफूहरूलाई नै दुःख ल्याउँछ भनेर तिनीहरू डर मानेर पछुताव गर्ला। तर बाइबलीय आधारमा त्यो सही पश्चात्ताप होइन। पापको भन्दा आफ्नो दुःखको बिलौना गर्ला। यस खालको अपसोच एसावको थियो जब आफ्नो जन्मसिद्ध अधिकार सदाको निम्ति गुमेको थियो। बाटोमा स्वर्गदूतले तरवार लिएर उभेको देख्दा बेलामको सातोपुल्टो गएको थियो। आफ्नो जीवनको अन्त्य हुनेछ भनेर उसले स्वीकारेको थियो। तर यस खालको पश्चात्तापमा पापप्रति सच्चा पश्चाताप हुँदैन, असल लक्ष्यमा हिंड्न परिवर्तन हुँदैन र आफ्नो पाप वा खराब कार्यप्रति वाक्क हुँदैन। आफ्नो प्रभुलाई गद्दारी गरेपछि यहूदा इस्करयोटी चिच्याएको थियो, 'मैले निर्दोष रगतलाई धोका दिएर पाप गरें।' मत्ती २७:४। एलेन जी. ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. २२,२३।

"मानिसका हातहरूले निर्माण गरेका मन्दिरहरूमा परमेश्वर नरहनुभएतापनि उहाँका जनहरू उहाँको नाउँमा जम्मा हुने ठाउँहरूमा उहाँको उपस्थिति हुनुभएर ती ठाउँहरूलाई उहाँले सम्मान गर्नुहुन्छ। जब उहाँको ज्ञान पाउन मानिसहरू जम्मा हुन्छन्, आफ्ना पापहरूलाई स्वीकार गर्दछन् र एक आपसको निम्ति प्रार्थना गर्छन् तब तिनीहरूको बिचमा पवित्र आत्माद्वारा उहाँ उपस्थित हुनेछ र तिनीहरूलाई भेट्नुहुनेछ भनेर उहाँले बाचा दिनुभएको छ। तर उहाँको आराधना गर्न जम्मा हुने सबैमा प्रत्येक खराब तत्त्व पन्छाउनु पर्दछ। जबसम्म पवित्र आत्मा, सत्य र पवित्रताको सुन्दरतामा तिनीहरूले उहाँको उपसना गर्दैन तब तिनीहरू भेला हुनुको कुनै अर्थ हुँदैन। औपचारिक र देखावटी धर्मात्मा देखाउन जम्मा हुनेलाई प्रभुले यो घोषणा गर्नुहुन्छः 'तिनीहरू केवल ठिक्क पारेर ओठेभक्ति गर्न जम्मा हुन्छन्, तिनीहरूले मुखलेमात्र मलाई आदर गर्छन् तर तिनीहरूका हृदयहरू मबाट धेरै टाढा छन्। मत्ती १५:८,९। "आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। २४ परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।" यूहन्ना ४:२३-२४। त्यसकारण, सत्य आराधकहरू पवित्र आत्मामा र सत्यतामा परमेश्वरको उपासना गर्नुपर्छ।" एलेन जी. ह्वाइट, *प्रोफेटस् एण्ड किङ्स्,* पृ. ५०।

**चिन्तनमनन:**

अ. आराधना गर्नेहरूले परमेश्वरलाई दिने सबभन्दा महान वा बहुमूल्यको भेटी के हो? (भजन ४०:६-१०, रोमी १२:१,२)।

आ. व्यक्तिगत र सामुदायिक आराधनाको बिचमा के सम्बन्ध छ? हामीलाई दुवैको किन आवश्यक छ? एक आपसमा त्यसले कसरी प्रभाव पार्दछ र आराधनामा उत्साह दिँदछ?

इ. कतिपय मानिसहरू आराधनामा केवल प्रार्थना गर्ने, भजन गाउने, बाइबल पढ्ने र आत्मिक पुस्तकहरू पढ्ने मात्र हो भनेर सोच्दछन्। हुन त ती क्रियाकलापहरू आराधनाको निम्ति जरुरी, तर आराधना के तिनीहरूमा मात्रै सिमित रहनुपर्दछ र? आराधना कस्तो हुनुपर्छ भन्ने केही उदाहरणहरू प्रस्तुत गर्नुहोस्।

ई. एलेन जी. ह्वाइटले लेख्नुभएको थियो, "दुखी र अपसोच हृदयले उहाँको सेवा गर्नुपर्छ भन्ने मनोवृत्तिमा कोही पनि हुनुहुन्न। प्रभुको आराधना आनन्दमय हुनुपर्छ र आराधना भनेको उहाँको काममा सहभागी हुने हो।"-*स्टेप्स टु क्राइस्ट,* पृ. १०३। प्रभुको आराधना कसरी रमाइलो तरिकाले गर्नुपर्छ वा उहाँको आराधना गर्दा कसरी रमाउनु पर्दछ?

# कथा १२
# (फोटो छैन)
# बाँची रहन खुशी
# शिव (भारत)



भारतमा शिबले केवल परम्परा देवी देवताहरूलाई मात्र पूजा गर्दथे। उनलाई परमेश्वरको बारेमा थाहा थिएन। तर जब उनकी हुर्किएकी छोरी आरतीले अर्को परमेश्वर येशूलाई विश्वास गर्ने निर्णय गर्दा उनी छक्क परे। नयाँ भगवानको बारेमा शिबले शङ्कालु दृष्टिले हेरेका थिए। तर जब आरतीले येशूलाई प्रार्थना गर्दा उनमा सकारात्मक परिवर्तन आएकोले उनले सुर्ता गर्न छोडे। शिबले उनका अरू देवी देवताहरूलाई पूजा गरिनै रहे। उनी वृद्ध अवस्थामा थिए र उनको निम्ति नयाँ परमेश्वरको आवश्यक नभएको महसुस गरेका थिए।

एक दिन शिब घरमै नराम्रोसँग लडे। उनकी छोरीले उनलाई अस्पतालमा दगुऱ्याइन्। केही दिनपछि छोरीले उनलाई स्याहार गर्न घरमा ल्याइन्। जब आरतीले फोनबाट साथीहरूसँग कुराकानी गर्दथिन् तब शिबले उनको निम्ति आफ्नो बाबु छिटो निको होस् भनेर प्रार्थना गर्न अनुरोध गरेकी उनले सुने।

तीन महिनापछि शिब राम्रोसँग निको भयो। उनले उनका देवीदेवताहरूलाई पूजा गर्दै रहे।

अनि फेरि उनी लडे। यस समय उनी अस्पतालमा १५ दिनसम्म भर्ना भयो। उनको करङ्ग अलिकती भाँचेको थियो। डाक्टरले उनलाई पूरा आराम गर्न सल्लाह दिए। जब उनी घरमा फर्के तर उनको स्वास्थ्य खस्किन्दै जान थालेको थियो। उनकी छोरी आरती आफ्नो बाबुको निम्ति चिन्ताग्रस्त भइन्। अनि उनलाई सेभेन्थ-डे एडभेन्टिस्ट जीवनशैली सुधार गृहमा लगिन्। त्यहाँ एडभेन्टिस्ट डाक्टरको हेरचाहमा शिबलाई राम्रोसँग सुधार हुन थाल्यो र बलियो पनि हुन थाले। मार्क नाउँ गरेको जवान मानिसले शिबलाई स्याहार गर्न उनको कोठामा आउँथ्यो। मार्क प्रति शिब आभारित हुन थाले। मार्कबाट शिबले येशूको प्रेमको अनुभव पहिलोपल्ट महसुस गरे। मार्कको दयाबाट उनले येशूलाई देख्न पुगेका थिए।

आराधना सेवामा शिब चर्चमा जान थाले। शिब चार महिनासम्म त्यस जीवन सुधार गृहमा बसे। प्रत्येक शनिबार उनी चर्चको आराधना सेवामा भाग लिन्थे। उनले येशू, साबथ र स्वस्थ खाने कुराको बारेमा सिके।

एक दिन साबथमा आगन्तुक प्रचारकले येशूको बारेमा प्रवचन दिए। उनको प्रवचनले शिबको मन छोयो। आफ्नो हृदय येशूलाई दिने उनको तिब्र चाहना भयो।

तर घरपरिवारका समस्याहरूले शिबको दिमाग आत्मिक कुरामा ध्यान दिन बिर्सन थाले। येशूको निम्ति जिउने उनको निर्णयलाई पनि उनले बेवास्ता गर्न थाले। उनको स्वास्थ्य फेरि बिग्रिन्दै गयो।

एडभेन्टिस्ट डाक्टरको सहयोगले उनमा फेरि बल आउन थाल्यो।

प्रत्येक पल्ट येशूबाट पर जाँदा उनको स्वास्थ विग्रेको शिबले महसुस गर्न थाले। शरीरलाई सम्हाल्ने चुनौतीहरूलाई उनले सम्हाल्न सकेका थिएन। प्रत्येक पल्ट उनी आफ्नै जीवनशैली अपनाए तब उनले आफ्नो स्वास्थ्यलाई ठिक राख्न सङ्घर्ष गर्नुपरेको थियो। येशूले उनी आफ्नै बाटोमा लाग्न नचाहनु भएको उनले महसुस गरे। येशूले आफूसँग रहन बोलाउनुभएको उनले महसुस गरे। त्यसबेला शिबले आफ्नो जीवन येशूलाई सुम्पिने निर्णय गरे। उनले आफ्नी छोरीलाई बोलाइन् र भने, "म भोली मर्नुभन्दा पहिले येशूलाई मेरो व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गर्न चाहन्छु।" नराम्रोसँग लडेको दश महिना पछि उनले आफ्नो हृदय येशूलाई सुम्पे। पश्चात्तापको नदीमा उनको पुरानो जीवन पखालिएको थियो। ७८ वर्षको वृद्ध भारतको नदीबाट नयाँ भएर ख्रीष्टको बालक भएर पुनर्जन्म लिए।

आज शिबले कुनै पनि देवीदेवताहरूलाई पूजा गर्दैनन। उनले स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने परमेश्वरलाई मात्र पुज्दछन्।

"चिया, कफी र चुरोट छोड्न मलाई येशूले सहयोग गर्नुभयो। आज मेरो स्वास्थ्य ठिक छ र राम्रै भएको छ र म दिनको तीनपल्ट प्रार्थना गर्छु," येशूलाई धन्यवाद दिँदै शिबले सुनाए। आजसम्म पनि बाँचिरहनु पाएकोले येशू प्रति उनी आभारित छ।

"मेरी छोरीले स्वास्थ्य सुधार गृहमा लगेकोले म येशूप्रति आभारित छु। नत्र भने येशूको बारेमा मलाई थाहा हुने थिएन र उहाँ मेरो व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनेर मैले ग्रहण गर्न सक्ने थिइँन," येशू प्रति आभारित हुँदै शिबले सुनाए।